३. बक्यौता लगतः– अदालती दण्ड जरीवाना असूल तहसिल नियमहरू२०२६ लागू रहँदाको अवस्था अदालतको निर्णय अनुसार लागेको अदालती जरीवाना कैदको लगत जे जति माल अड्डा, भूमिप्रशासन कार्यालय वा तिनका उत्तराधिकारी कार्यालयहरूले बुझिलिई असूल तहसिल हुन बाँकी रहेको छ सो सबै बक्यौता लगत ती कार्यालयहरूले सम्बन्धित जिल्ला अदालतलाई बुझाई दिनेछ र जिल्ला अदालतहरूले पनि बुझिलिई साविकबमोजिम असूल तहसिल गर्नेछ ।

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

अञ्चल तथा जिल्ला अदालत (दोस्रो संशोधन) नियमावली २०२८

अञ्चल तथा जिल्ला अदालत नियमावली २०२० (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले न्याय प्रशासन (विविध व्यवस्था) ऐन २०१८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सर्वोच्च अदालतको सल्लाह लिई देहायको नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "अञ्चल तथा जिल्ला अदालत (दोस्रो संशोधन) नियमावली २०२८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीमा परिच्छेद १२ क. थपः– मूल नियमावलीको परिच्छेद १२ पछि देहायको परिच्छेद १२ क. थपिएको छः–

परिच्छेद १२ क.
फैसलाको कार्यान्वयन

५६ क. तहसिल फाँटः– (१) प्रत्येक जिल्ला अदालतमा तहसिलदारको मातहतमा एउटा तहसिल फाँट रहनेछ । तहसिलदारले न्यायाधीशको सामान्य रेखदेख, नियन्त्रण र निर्देशनमा काम गर्नेछ तर बही बुझाउने उत्तरदायित्व तहसिलदारकै हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) तहसिल फाँटले साविकदेखि अदालत तहसिलहरूले गरी आएबमोजिमको अदालतको फैसलाले लागेको दण्ड, जरिवाना, कैदको लगत राखी असूल तहसिल गर्ने, लगत कट्टा गराउने र अदालत विगो फाँटहरूले गरी आएबमोजिमको अदालतको फैसला डिग्रीबमोजिम विगो भराउने, चलन चलाउने, वण्डा छुट्याउने जस्तो फैसलाको कार्यान्वयन गर्न लगत राखी सोबमोजिम गराई माग्न डिग्री पाउनेको दरखास्त परे प्रचलित नेपाल कानूनबमोजिम सो गरी दिने र फैसला कार्यान्वयन गर्ने सिलसिलामा गर्नु पर्ने अरू काम गर्ने र यस नियमावलीमा तहसिलदारले गर्ने भनी तोकिएका अरू सबै काम गर्नेछ ।

(३) अदालती दण्ड जरिवाना असूल तहसिल नियमहरू २०२६ बमोजिम अदालतबाट अन्य कार्यालयले बुझेको अदालती दण्ड जरिवाना कैदको लगत तहसिल फाँटले पुनः बुझी लिई असूल तहसिल गर्ने छ र त्यस्तो कुनै लगतबमोजिम असूल तहसिल अरू अदालतको तहसिल फाँटबाट गराउनु पर्ने भए त्यस्तो लगत सम्बन्धित अदालतको तहसिल फाँटमा पठाउनुपर्छ ।

५६ ख. विशेष अदालतको फैसला कार्यान्वयन गर्ने:– नेपाल विशेष अदालत ऐन २०१३ अन्तर्गत गठित विशेष अदालतले गरेको फैसलाबमोजिमको दण्ड, जरिवाना, कैद विगोको लगत सम्बन्धित जिल्ला अदालत तहसिल फाँटले बुझी असूल तहसिल गर्नेछ ।

५६ ग. समितिको गठन:– दण्ड जरिवाना लागेको, सर्वस्व भएको, कोर्ट फी वा कैदको सजाय बापत नगद तिर्नु पर्ने व्यक्ति मरेको वा बेपत्ता भएको कारणले असूल तहसिल हुन नसकेकोमा त्यस्ताको लगत कट्टा गर्न प्रत्येक जिल्लामा देहायबमोजिम अध्यक्ष र सदस्य भएको एक समिति रहनेछः–

(क) जिल्ला न्यायाधीश–– अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारीको कार्यालयका एकजना प्रतिनिधि–– सदस्य

(ग) कोष तथा तहसिल कार्यालय वा माल कार्यालयका एकजना प्रतिनिधि–– सदस्य

(घ) तहसिल्दार–– सचिव

तर खण्ड (ख) र (ग) बमोजिमको प्रतिनिधि कम्तीमा नायब सुब्बा सरहको हुनुपर्नेछ ।

५६ घ. डोर खटाउने:– (१) तहसिल फाँटले दण्ड जरिवाना कैद असूल गर्न पर्ने व्यक्ति रहे बसेको ठाउँमा एक वर्षमा कम्तीमा दुई पटक डोर खटाउनुपर्छ ।

(२) उप-नियम (१) बमोजिम डोर खटाउँदा आवश्यक परेमा प्रहरीको समेत सहयोग लिन सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५६ ङ. लगत कट्टा गर्ने समितिको अधिकारः– मुलुकी ऐनको दण्ड सजायको महलको नं. २४ को अधीनमा रही यस नियमावलीबमोजिम गठित समितिलाई देहायबमोजिमको लगत कट्टा गर्ने अधिकार हुनेछः–

(१) दण्ड, जरिवाना र कैदको सजाय असूल गर्नुपर्ने व्यक्ति भागी बेपत्ता भएकोमा यस ठाउँमा रहे बसेको वा मरे बाँचेको पत्ता नलागेको भन्ने डोरबाट पाँच वर्ष-देखि लगातार मुचुल्का भई आएकोमा पाँच वर्ष पुगेपछि सम्बन्धित गाउँ वा नगर पञ्चायतमा मुचुल्काबमोजिमको व्यहोरा सूचना गरी सो सूचना भएको पन्ध्र दिनभित्र कसैको उजूर नपरे लगत कट्टा गर्ने कारवाई गर्नुपर्छ ।

(२) मरेको भन्ने मुचुल्का भई आएकोमा पांच वर्ष लगातार मुचुल्का गराई बुझ्नु पर्दैन तर देहाय (१) बमोजिम सम्बन्धित पञ्चायतलाई मुचुल्का बमोजिमको व्यहोरा सूचना गरी उजूर नपरे लगत कट्टा गर्ने कारवाई गर्नुपर्छ ।

(३) नेपाल अधिराज्यमा घरवार ज्यथा नभएको विदेशी नागरिकलाई लागेको दण्ड जरिवाना असूल तहसिल गर्न सो व्यक्ति फेला नपरेमा दश रूपियां सम्मको लगत भए साल भरमा र सोभन्दा माथि एकसय रूपियांसम्मको भए पांच वर्षसम्म खोज तलास गरी त्यसपछि लगत कट्टा गर्न सकिनेछ ।

(४) २००७ साल फाल्गुण ७ गतेसम्म अन्तिम फैसलाबमोजिम लगत कसिएकोमा एकसय रूपैयांसम्मको दण्ड जरिवाना वा सरकारी विगो र तीन महीनासम्मको कैदको लगत कट्टा गर्ने ।

(५) २०१७ साल पौष १ गतेसम्म अन्तिम फैसला-बमोजिम लगत कसिएकोमा पचास रूपैयांसम्मको दण्ड जरिवाना वा सरकारी विगो र एक महीनासम्मको कैदको लगत कट्टा गर्ने ।

५६ च. सम्पत्ति तायदात लिलाम गर्दा अपनाउनु पर्ने कार्यविधिः– (१) दण्ड, जरिवाना, सरकारी वा दुनियांको विगो वा कोर्ट फी असूल उपर गर्दा सो दण्ड, जरिवाना विगो, कोर्ट फी लागेको व्यक्तिले सो लागेको रकम नबुझाए त्यस्ता व्यक्तिको चल अचल सम्पत्ति सम्बन्धित गाउँ वा नगर पञ्चायतलाई साक्षी राखी तायदात गरी रोक्का राख्नुपर्छ ।

(२) उपनियम (१) बमोजिम तायदात गरी रोक्का राख्दा कम्तीमा वहिदार दर्जाको कर्मचारीलाई खटाउनुपर्छ ।

(३) उपनियम (१) बमोजिम तायदात गरी रोक्का राख्दा चल धनमाल भए कब्जामा लिई अदालतमा दाखिल गर्नुपर्छ । अचल सम्पत्तिका हकमा बेच बिखन गर्न नपाउने गरी रोक्का राखी रजिष्ट्रेशन गर्ने अड्डालाई जनाउ दिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) बमोजिम अचल सम्पत्ति रोक्का राख्दा सम्बन्धित व्यक्ति र गाउँ वा नगर पञ्चायतलाई समेत सूचना दिनुपर्छ । चल धनमाल कब्जा गर्दा पनि सम्बन्धित व्यक्तिलाई रीतपूर्वक लिखत गरी दिई सम्बन्धित गाउँ वा नगर पञ्चायतलाई सूचना दिनुपर्छ ।

(५) उपनियम (३) बमोजिम अचल सम्पत्ति रोक्का र चल धनमाल कब्जामा लिएपछि अचलका हकमा कम्तीमा ३५ दिन र चलका हकमा १५ दिनको म्याद टांसी र यथा सम्भव स्थानीय पत्र पत्रिकामा समेत सूचना दिई नजिकको कुनै एक अड्डाको खरदार दर्जासम्मको प्रतिनिधि साक्षी राखी बढाबढ गरी लिलाम बिक्री गर्नुपर्छ ।

(६) उपनियम (५) बमोजिम लिलाम बिक्री गर्नु अघि अड्डा बसेको गाउँ वा नगर पञ्चायतको र नजिकको कुनै एक अड्डाको प्रतिनिधि साक्षी राखी रोक्का वा कब्जा भएको सम्पत्ति धनमालको प्रचलित नेपाल कानूनबमोजिमको पञ्चकृति मोल कायम गर्नुपर्छ ।

(७) लिलाम गर्दा पंचकृति मोलभन्दा घटी डांक भएमा तीन पटकसम्म लिलाम बढाबढ गरी लिलाम बिक्री गर्नुपर्छ ।

(८) लिलाम बिक्री गर्दा बाँकी असूल गर्न खाम्नेसम्म जतिमात्र लिलाम गर्नुपर्छ ।

(९) लिलाम बिक्रीबाट असूल गर्नु पर्ने अङ्कभन्दा बढी आएको रकम बाँकी वालालाई फिर्ता गर्नुपर्छ । फिर्ता लिन आउन सूचना गरेको तीन वर्षसम्म पनि फिर्ता लिन नआए सर्वसंचित कोष दाखिल गर्नुपर्छ ।

(१०) लिलाम बिक्री भएको सकार गर्नेलाई अदालतबाटै चलन पूर्जि गरिदिनु पर्छ ।

आज्ञाले–
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।